विष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**विष्णुपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल ।**

## उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०८३/०६/०८**

प्रस्तुत विषयमा जल तथा मौसम विज्ञान विभागद्वारा जारी विशेष मनसुन बुलेटिन अनुसार बंगालको खाडीबाट विकसित भएको न्यून चापीय प्रणालीका कारण आगामी असोज ९ गते शुक्रबारदेखि ११ गते आइतबारसम्म मधेश प्रदेशका केही स्थानहरुमा मेघगर्जन, चटयाङ, तिव्र हावाहुरी सहित भारी देखी अति भारी बर्षा हुने प्रवल सम्भावना रहेको भन्ने सूचना अनुसार यस विष्णुपुर गाउँपालिका क्षेत्रभित्र पर्ने खोला किनारका बस्ती डुवान  कटान तथा बाढीको जोखिम हुन सक्ने भएकोले धनजनको क्षति कम गर्न उच्च सतर्कता अपनाउनको लागि तपसिल बमोजिमका कार्य गर्न/गराउनु हुन अनुरोध गरिन्छ ।

तपसिल

१. प्रत्येक वडा भित्रका जोखिमयुक्त क्षेत्र विशेष गरी खोल्सा खहरो र खोला किनार पहिरो जोखिमयुक्त क्षेत्रका स्थानीय बासिन्दाहरुले विशेष सर्तकता अपनाउनु हुन ।
२. अत्यन्त जरुरी काम बाहेक उक्त अवधिमा लामो दुरीको यात्रा तथा रात्रीको समयमा यात्रा नगर्नु हुन ।
३. ठुलो रुख मुनी तथा झाडीहरुमा नबस्नु हुन ।
४. वडामा कुनै अप्रिय प्राकृतिक प्रकोपको समस्या देखिएमा वा तत्काल उद्धार गर्नु परेको अवस्थामा सुरक्षा निकाय, गाउँपालिकाको अध्यक्ष ,प्रमुख प्रशासकिय अधिकृत र वडा अध्यक्ष सँग सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

Scanned with CamScanner